मिति २०७४।०९।१९ को निर्णय नं. ३७१६ संग सम्बन्धित

श्री सर्वोच्च अदालतबाट जारी गरिएको सूचनामा पहुँच सम्बन्धी (कार्यविधि) निर्देशिका, २०७४ को अधिनमा रहि दूरसंचार सेवा प्रदायकहरुलाई जारी गरिएको निर्देशन

१) नेपाल प्रहरी लगायत Law Enforcement Agency हरु बाट अपराध अनुसन्धानको लागि माग भई आउने वा आएका विवरणहरु सबै सेवा प्रदायकहरुको ३६५ दिन २४ घण्टा उपलब्ध गराउने र सो को लागि सेवा प्रदायकहरु सम्पर्क अधिकृतको व्यवस्था गरी प्राधिकरणलाई ३ दिन भित्र भित्र जानकारी गराउने ।

२) सबै ISP को अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले ६ महिनासम्मको Content बाहेकको Internet User Activity Log अनुसन्धानको लागि अनुसन्धान अधिकृतहरुलाई तत्काल उपलब्ध गराउने ।

३) सबै ISP को अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले ३ महिनासम्मको Internet NAT (Network Address Translation) Record अनुसन्धानको लागि अनुसन्धान अधिकृतहरुलाई उपलब्ध गराउने

४) सबै सेवा प्रदायकहरुले ग्राहकको सेवा सुचारु (Active) भएको २४ घण्टा भित्र ग्राहकहरुको नाम र ठेगाना तथा एकहप्ता भित्र फोटो सहितको विस्तृत विवरण सेवा प्रदायकहरुको Database मा Update गरी सक्नुपर्ने ।

५) नेपाल प्रहरी लगायत Law Enforcement Agency हरुले अपराध अनुसन्धानको सिलसिलामा अग्रिम रुपमा जानकारी ग्राहकसंग सम्बन्धित विवरणहरु Record गरी उपलब्ध गराउने ।